निर्णयहरु :-

१. मध्यपूर्व क्षेत्रमा श्रृजना भएको तनावका कारण पेट्रोलियम पदार्थको आयातमा पर्न सक्ने प्रभावका कारण नियमित आपूर्ती व्यवस्थापनलाई भरपर्दो बनाउन उद्योगी, आयल निगम सहित सम्वद्ध निकायले पूर्ववत रुपमा आयात व्यवस्थापन गर्ने ।

२. आयात भए बमोजिम ग्याँस उद्योगीहरुले उत्पादनलाई पूर्ण क्षमतामा उत्पादन गर्ने र ग्यास बिक्रेताबाट वितरण व्यवस्था व्यवस्थित बनाउने, बिक्री वितरणको अभिलेख राख्ने र बाँकी मौज्दात साप्ताहिक रुपमा ग्यास विक्रेता संघले वाणिज्य कार्यालयमा पठाउने ।

३. उत्पादक, वितरक र प्रयोगकर्ताको बिचमा स्वचालित प्रणालीबाट ग्यास बिक्री वितरण गर्ने र कहि कतै प्रणालीमा अवरुद्ध हुन पुगेमा सो सम्बन्धमा वाणिज्य कार्यालयमा जानकारी गराउने । सोही बमोजिम अनुगमन गरी प्रणाली सु-व्यवस्थित बनाउने ।

४. उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योग कार्यालय, बाणिज्य कार्यालय र जिल्ला प्रहरी कार्यालयले जनस्तरमा सुनिएका गुनासा, समस्याको सुक्ष्म रुपमा जानकारी लिने र सोही बमोजिम कार्य योजना बनाई स्वचालित प्रणालिमा सुचारु गराउने ।

५. ग्यास उद्योगहरुले यस जिल्लामा पूर्ववत रुपमा विक्री वितरण भएको सिलिण्डर संख्या कै आधारमा ग्यास उपलव्ध गराउने, सो बमोजिम विक्री वितरण गर्दा कुनै समस्या रहेमा नियामक निकायसँग अग्रिम छलफल गरी निर्णयमा पुग्ने साथै अनावश्यक मौज्दात/संचय, कालोबजारी, कृत्रिम अभाव, विक्री वितरणको अभिलेखिकरण नगरेको जस्ता कार्य भए/गरेको पाईएमा सम्वद्ध निकायबाट अनुगमन तथा नियमानुसार आवश्यक कारवाही गर्ने ।